माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७८ साल श्रावण १८ गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो**

<u>प्रस्तावहरु</u>

१. माण्डवी गाउँपालिका प्रशासकीय भवनको रकम माग गर्ने सम्बन्धमा ।

२. जग्गा धनी प्रमाण पत्र कायम गरि दिने सम्बन्धमा ।

३. कार्यविधि पास गर्ने सम्बन्धमा ।

४. चिस्यान केन्द्र र बहुउद्देशिय नर्सरी संचालन सम्बन्धमा ।

५. सामुदायिक स्वास्थ्य इकाई स्थापना र संचालन सम्बन्धमा ।

६. आर्थिक सहयोग सम्बन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका लागि माण्डवी गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ का लागि " स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६" बमोजिम अनुसूची (१) आयोजनाको माग फाराम संलग्न राखि, जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि, गाउँ कार्यपालिकाको निर्णय, विस्तृत परियोजना प्रतिवेदन सहितका कागजातहरु संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरेकोमा आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा माण्डवी गाउँपालिकाका लागि कुनै पनि रकम विनियोजन भएन ।

आयोजना निर्माणका लागि गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरि करिव १२ रोपनी जग्गाको व्यवस्थापन गरि रु.५३४०४९६२.८५ को लागत अनुमान स्विकृत गरि वोलपत्र आव्हान भएकोमा मिति २०७७/०५/१० गते आसू-मल्लरानी पिपि जे.भि संग रु.५२७०५१५६.६२ को सम्झौता गरि २०७९ आषाढ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरि कार्यसम्पादन भएकोमा हालसम्म करिव ८०% भौतिक प्रगति भएको छ,भने माण्डवी गाउँपालिकाले रु.२३२४०५४३ रुपिया भुक्तानी दिईएकोछ । आ.व. २०७८/०७९ मा कार्य सम्पन्न हुने गरि सम्झौता गरिएको उक्त भवनका लागि गाउँपालिकाले थप रकम भूक्तानी गर्न असमर्थ भएकाले भूक्तानी हुन बाँकी रहेको रकम निकाशाका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रकम माग गर्ने निर्णय गरियो ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा,२०७७ फागुन १४ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद बैठकको निर्णय अनुसार "जिल्ला सभा प्यूठानको नाममा रहेको माण्डवी गाउँपालिका वडा नं. ३ को ९-८-०-० रोपनी जग्गा माण्डवी गाउँपालिका प्यूठानको नाममा हक हस्तान्तरणको लागि स्विकृत दिने" सम्बन्धमा उक्त जग्गा माण्डवी गाउँपालिकामा हक हस्तान्तरण गरि जग्गा धनी प्रमाण पत्र कायम गरि दिन सिफारिसका लागि भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार २० युनिट सम्म विद्युत महशुल छुट दिने निर्णय अनुसार सो निर्णय कार्यान्वयन लागि २० युनिट सम्मको विद्युत महशुल छुट सम्बन्धि कार्यविधि २०७८ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले निर्माण सम्पन्न गरि संचालनमा रहेका माण्डवी गाउँपालिका वडा नं. ३ मा अवस्थित चिस्यान केन्द्र तथा बहुउद्देश्यिय नर्सरीले उद्देश्य अनुरुप गाउँपालिका स्वंयले संचालन गर्दै आईरहेको छ । गाउँपालिकाले संचालन गरेका उक्त कार्यक्रम/आयोजनाहरुलाई कृषि सहकारी- सहकारी- कृषि समुह वा व्यक्तिले संचालन गर्ने गरि सूचना प्रकाशन गरि नियमानुसार सम्झौता गरि संचालनको जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको वार्षिक स्विकृत नीति तथा कार्यक्रम अन्तर्गत माण्डवी गाउँपालिका वडा नं.४ सल्लिखर्कमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरि संचालन गर्न आवश्यक भौतिक पूर्वाधारको निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ३ स्थित लामाचौरमा निर्माणाधिन अवस्थामा रहेको व्रहमकुमारी विश्व विद्यालयको भवन निर्माणमा सहयोग गर्न रु.२ लाख ५० हजार रकम अन्य संस्था सहायता शिर्षकबाट कार्यसम्पन्न विल भर्पाईका आधारमा भूक्तानी दिने निर्णय गरियो ।

..................

**प्रमाणित गर्ने**

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत